# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनियम बजारको नियामक निकाय)

## नियमन विभाग

पत्र सख्यां : नि.वि./शे.द. तथा नि.शा./२०८०/०८१ मितिः २०८०।०९।१९

चलानी नं. : १९९३

श्री नारायणी डेभलपमेन्ट बैंक लिमिटेड,
रत्ननगर, चित्तवन ।

**विषय : "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"प्रकाशनका लागि स्वीकृति दिइएको बारे ।**

महाशय,

त्यस संस्थाले ग्लोबल आइएमई क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा २६,२४,६७६ कित्ता हकप्रद शेयर निष्काशन गर्नका लागि बोर्डमा प्रस्तुत गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु"लाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध छ । उक्त "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"को एक प्रति तथा धितोपत्र दर्ता प्रमाणपत्र यसै साथ संलग्न गरिएको छ ।

यस हकप्रद निष्काशनका लागि "धितोपत्र सम्बन्धी ऐन, २०६३", "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३", "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" तथा यस बोर्डबाट जारी गरिएका निर्देशनहरुमा उल्लेखित व्यवस्थाहरु, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" प्रकाशनका लागि दिइएको स्वीकृतिपत्रमा उल्लेख गरिएका निर्देशन/शर्तहरु त्यस कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धकबाट पूर्ण रुपमा पालना गर्ने गराउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन अनुरोध छ ।

(शंकर प्रसाद रिमाल)
निर्देशक

**सादर अवगतार्थ**

श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड ।

**बोधार्थ:**

श्री सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड ।
श्री लेखा तथा वित्त शाखा, नेपाल धितोपत्र बोर्ड ।
श्री नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, सिंहदरबार प्लाजा, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, एक्सटेन्सन नं. फ्याक्स नं.५५४१०५८
टोल फ्रि नं: १६६०-०१-४४४३३, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np

### हकप्रद निष्काशनको स्वीकृति

रत्ननगर, चित्तवन मुख्य कार्यालय भएको श्री नारायणी डेभलपमेन्ट बैंक लिमिटेडले १:१ को अनुपातमा रु. १००।- दरको २६,२४,६७६ कित्ता साधारण शेयर हकप्रद निष्काशन गर्नका लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" लाई स्वीकृति प्रदान गरिएको छ।

उपरोक्त विवरणमा उल्लेखित साधारण शेयर (हकप्रद शेयर) देहायका शर्तहरु पालना गरेर मात्र निष्काशन गर्नुपर्ने।

**शर्तहरु:**

१. "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" मा देहाय बमोजिम सुधार गरी प्रकाशित गर्नुपर्ने र सो को जानकारी यस बोर्डलाई गराए पश्चात्मात्र आह्वानपत्र प्रकाशन गर्नुपर्ने।
   - १.१. मुखपृष्ठ र सम्बन्धित सम्पूर्ण दफाहरुमा आषाढ २०८० को प्रमाणित अपरिष्कृत वित्तीय विवरण बमोजिम समायोजन गर्नुपर्ने।
   - १.२. विवरणपत्रको दफा ण मा पछिल्लो ३ आर्थिक वर्षको वित्तीय विवरणमा उल्लेख भएको Financial Ratios को आधार प्रस्तुत गर्नुपर्ने।
   - १.३. विवरणपत्रको दफा त को (क) र (ख) मा अन्य विष्तृत आम्दानी समेत खुलाउनुपर्ने।
   - १.४. विवरणपत्रको दफा त को (थ) मा खराब कर्जा न्यूनिकरणमा संस्थाको योजना समेत प्रस्तुत गर्नुपर्ने।
   - १.५. विवरणपत्रको दफा य मा लगानी अभिबृद्धि बारे थप जानकारी उल्लेख गर्नुपर्ने।
   - १.६. सबै सम्बन्धित दफाहरुमा भाषा शुद्धीकरण गरी प्रस्तुत गर्नुपर्ने।

२. हकप्रद शेयर निष्काशन पश्चात धितोपत्र दर्ता तथा निष्काशन निर्देशिका, २०७४ को दफा १३ को उपदफा ३ र ४ को व्यवस्था पालना गरी नेपाल धितोपत्र बोर्डलाई जानकारी दिनुपर्ने।

३. धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ६ बमोजिम धितोपत्र निष्काशन स्वीकृत भएको ७ कार्य दिनभित्र धितोपत्र सूचीकरण तथा अभौतिकीकरणका लागि निवेदन दिनुपर्ने साथै सोको जानकारी बोर्डलाई समेत गराउनुपर्ने।

४. बोर्डबाट प्राप्त निर्देशनको प्रतिलिपि, हकप्रद शेयर निष्काशन प्रयोजनको लागि बोर्डमा दर्ता भएको संलग्न अनुसारको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" को प्रति नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, निष्काशन तथा बिक्री प्रबन्धक, दरखास्त वितरण गर्ने कार्यालयहरु तथा निष्काशनकर्ता संगठित संस्थाको कार्यालयमा राख्नुपर्ने। उक्त विवरणहरु इच्छुक लगानीकर्ताले हेर्न चाहेमा वा माग गरेमा सोको प्रति उपलब्ध गराउनुपर्ने।

५. हकप्रद शेयरको लागि कुन मिति देखि दाखिल खारेज बन्द गरिने हो सो मिति नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडसँग तालमेल गरी निश्चित गरिनुपर्ने र यसरी निश्चित गरिएको मितिभन्दा कम्तिमा ७ दिन अगावै सार्वजनिक रुपमा सूचना प्रकाशित गरी सम्बन्धित लगानीकर्तालाई जानकारी गराउनुपर्ने र सो कुराको जानकारी बोर्डलाई समेत गराउनुपर्ने।

६. हकप्रद शेयर निष्काशनका सम्बन्धमा साविकका शेयरधनीहरुको जानकारीको लागि आवश्यक सूचना प्रकाशन गर्नुपर्ने र उक्त सूचना प्रकाशन गर्दा न्यूनतम रुपमा देहायको कुराहरु समावेश भएको हुनुपर्ने। साथै यसरी प्रकाशन गरिने सूचनाको जानकारी बोर्डलाई गराउनुपर्ने।

(क) दरखास्त फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" पाइने ठाउँ,

(ख) दरखास्त फारामको नमूना, दरखास्त फाराम भर्ने तरिका, बुझाउनुपर्ने रकम, दरखास्त बुझाउने स्थानहरु,

(ग) निष्काशनको क्रममा लगानीकर्ताहरुको गुनासो सुन्ने तथा त्यसको समाधानकालागि गरिएको व्यवस्था,

(घ) निष्काशन बैंक सम्बन्धी जानकारी,

७. नियमावलीमा तोके अनुसारको सूचनाको अतिरिक्त अति संक्षेपमा हकप्रद शेयरको निष्काशन खुल्ला तथा निष्काशन बन्द हुने मिति, निष्काशनकर्ता कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धकको नाम, हकप्रद शेयरको अनुपात आदि समावेश गरिएको सूचना देहाय बमोजिम प्रकाशित गर्नुपर्ने ।

| | |
|---|---|
| निष्काशन खुल्ला भएको पहिलो हप्ताः | कम्तिमा २ वटा प्रमुख राष्ट्रिय स्तरको पत्रिकामा, |
| निष्काशन खुल्ला भएको दोस्रो हप्ताः | कम्तिमा १ वटा प्रमुख राष्ट्रिय आर्थिक पत्रिकामा, |
| निष्काशन खुल्ला भएको तेस्रो हप्ताः | कम्तिमा २ वटा प्रमुख अनलाईन पत्रिकामा तथा कम्तिमा २ वटा प्रमुख एफएम रेडियोमा, |

८. बोर्डमा प्रस्तुत गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" लगायत अन्य कागजातहरुमा उल्लेख भएका विवरणहरु अन्य नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्ताहरुको निर्णय प्रभावित हुन सक्ने गरी उल्लेख्य रुपमा कुनै परिवर्तन भएमा सो विवरण (Material Information) समावेश गरी हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु संशोधन गरेर मात्र बिक्री खुल्ला गर्नुपर्ने र शेयर बिक्री खुल्ला हुने मितिसम्म त्यस्तो परिवर्तन नभएको भए सो कुरा बिक्री खुल्ला हुनुपूर्व निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराउनुपर्ने ।

९. संगठित संस्थाले यस विवरणहरुमा प्रक्षेपण गरेका वित्तीय विवरण तथा वास्तविक विवरण तुलनातमक रुपमा बार्षिक प्रतिवेदनमा तालिकामा प्रस्तुत गर्नुपर्ने । साथै प्रक्षेपित विवरण तथा वास्तविक विवरणमा फरक पर्न गएमा सो को कारण सहित खुलाई आफ्नो बार्षिक प्रतिवेदनमा प्रक्षेपित अवधिसम्म प्रत्येक वर्ष प्रस्तुत गर्नुपर्ने ।

१०. धितोपत्र निष्काशनको क्रममा लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले बोर्डबाट स्वीकृत भएको विवरणपत्र निष्काशनकर्ता कम्पनीले कम्तीमा वित्तीय प्रक्षेपणको अवधि सम्म तथा सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र बाँडफाँट नभएसम्म आ-आफ्नो वेभसाइटमा राख्नुपर्ने र सो को जानकारी बोर्डलाई गराउनुपर्ने । साथै धितोपत्र निष्काशनको क्रममा प्रकाशन गरिने सूचनाहरुमा समेत विवरणपत्र निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटमा राखिएको व्यहोरा खुलाउनुपर्ने ।

११. यस निर्देशनमा तोकिएका शर्तहरु तथा धितोपत्र सम्बन्धी ऐन, २०६३, प्रचलित ऐन तथा नियमहरु, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, सुचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिक, २०७४ तथा बोर्डबाट समय समयमा जारी गरिएका निर्देशनहरुमा उल्लेखित व्यवस्थाहरुको त्यस कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धकबाट पालना गरी गराई यस बोर्डलाई जानकारी दिनुपर्ने ।

१२. बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को विद्युतीय प्रति (कयात अयउथ) बोर्डमा उपलब्ध गराउनुपर्ने ।

१३. संगठित संस्थाको विवरणपत्रमा उल्लेखित विवरण तथा जानकारीको यथेष्टताको सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धक सन्तुष्ट भई बोर्डमा प्राप्त भएको प्रतिबद्धतापत्र (Due Diligence

Certificate) को पालनाका लागि निष्काशनकर्ता कम्पनी सक्रिय रहनुपर्ने र निष्काशन तथा बिक्री प्रवन्धक जवाफदेही हुनुपर्ने ।

१४. सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो भन्ने उद्घोषण गराउने व्यवस्था गर्नुपर्ने ।

१५. हकप्रद शेयर बिक्रीको लागि खुल्ला गरिएको अवधि भित्र सम्पूर्ण शेयर बिक्री हुन नसकी बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयर लिलाम बढाबढ प्रकृयाबाट बिक्री गर्न हकप्रद शेयर बाँडफाँट भएको मितिले सात दिन भित्र सूचना प्रकाशित गर्नुपर्ने ।

सम्बन्धित पदाधिकारीको

नाम : अम्बिका प्रसाद गिरी

पद : उप कार्यकारी निर्देशक

दस्तखत :

मिति : २०८०।०९।१९

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनियम बजारको नियामक निकाय)

## नियमन विभाग


### धितोपत्र दर्ता प्रमाणपत्र

रत्ननगर, चित्तवन मुख्य कार्यालय रहेको श्री नारायणी डेभलपमेन्ट बैंक लिमिटेडले निष्काशन गरेको वा गर्न लागेको धितोपत्रको क्रमसङ्ख्या २६,२४,६७७ देखि ५२,४९,३५२ सम्मको रु. १००।- दरको कुल २६,२४,६७६ कित्ता हकप्रद शेयर बोर्डमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र प्रदान गर्ने पदाधिकारीको

नाम : अम्बिका प्रसाद गिरी

दस्तखत :

पद : उप कार्यकारी निर्देशक

मिति : २०८०।०९।१९


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल

फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, एक्सटेन्सन नं.   फ्याक्स नं.५५४१०५८

टोल फ्रि नं: १६६०-०१-४४४३३, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np